अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
वासिङ्टन डीसी मेट्रो च्याप्टर (२०२२–२०२४)
INTERNATIONAL NEPALI LITERARY SOCIETY (INLS)
Washington DC, Metro Chapter (2022-2024)

# अनेसास डीसी मेट्रो च्याप्टरको निर्वाचनसम्बन्धी सूचना

पहिलो सूचना प्रकाशन मिति : मंगलबार, अक्टोबर २९, २०२४

अनेसासको विधान स ातौं संशोधन, २०२१ को दफा १२ को (१५) अनुसार अनेसास डी. सी. मेट्रो च्याप्टरको नयाँ कार्यसमितिको निर्वाचन गत मे महिनाको अन्त्यसम्म पूरा भइसक्नुपर्नेमा कारणवश हुन नसकेकाले सोही विधानको दफा १२ को (१३) अनुसार यसै सूचनाको क्रमसंख्या ४ अनुसारका पदहरूमा निर्वाचन गर्न यही अक्टोबर १९ मा डीसी मेट्रो च्याप्टरको बैठकले निर्वाचन समिति गठन गरी जिम्मेवारी दिएअनुसार आगामी नोभेम्बर १८ तारिख सोमबार डी.सी. च्याप्टरको कार्यसमिति निर्वाचन सम्पन्न गर्न तपसिलअनुसार निर्वाचनको कार्यतालिकासहित यो सूचना सार्वजनिक गरिएको छ ।

| क्रमाङ्क | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १. | निर्वाचनसम्बन्धी पहिलो सूचना प्रकाशन | अक्टोबर २९ मंगलबार | |
| २. | मतदाताको पहिलो सूची प्रकाशन | नोभेम्बर ५, मंलगबार | साँझ ५ बजेसम्म |
| ३. | मतदाताको नामावलीमाथि दावीबिरोध | नोभेम्बर ६, बुधबार | साँझ ५ बजेसम्म |
| ४. | मतदाताको अन्तिम सूची प्रकाशन | नोभेम्बर ८, शुक्रबार | साँझ ५ बजेसम्म |
| ५. | उम्मेदवारी दर्ता | नोभेम्बर ११ र १२ | सोमबार बिहान ९ बजेदेखि मंगलबारसम्म |
| ६. | उम्मेदवारहरूको पहिलो सूची प्रकाशन | नोभेम्बर १३, बुधबार | अपराह्न ४ देखि ५ बजे |
| ७. | उम्मेदवारीमाथि दावीबिरोध | नोभेम्बर १४ बिहिबार | अपराह्न ५ बजेसम्म |
| ८. | उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन | नोभेम्बर १५ शुक्रबार | अपराह्न १२ बजे |
| ९. | उम्मेदवारले प्रचारप्रसार बन्द गर्ने | नोभेम्बर १६ शनिबार | मध्यरात १२ बजेदेखि नोभेम्बर १८ मा निर्वाचन नभएसम्म |
| १०. | निर्वाचन कार्यक्रम | नोभेम्बर १८, सोमबार | बिहान ८ देखि राति ११:५९ सम्म |
| ११. | निर्वाचन परिणाम घोषणा | नोभेम्बर १९, मंगलबार | अपराह्न ३ बजे |
| १२. | नयाँ निर्वाचित कार्यसमितिको सपथ ग्रहण तथा पदभार हस्तान्तरण | नोभेम्बर २३, शनिबार | अपराह्न १२ः ३० बजे |

उम्मेदवारी दिने आजीवन सदस्यले तपसिलअनुसारका प्रक्रिया पूरा गर्नुपर्नेछ–

१. उम्मेदवारी दर्ताका लागि अनेसास डी. सी. च्याप्टरबाट अप्रिल ३०, २०२४ सम्ममा आजीवन सदस्य सदस्यहरू च्याप्टर कार्यसमिति निर्वाचनका लागि कुनै एक पदमा उम्मेदवार हुन योग्य हुनुहुनेछ ।

२. उम्मेदवार बन्न चाहने सदस्यले निर्वाचन समितिबाट प्राप्त उम्मेदवारी दरखास्त फाराम भरी कार्यसमितिको एकमात्र पदमा उम्मेदवारी दिनुपर्नेछ ।

३. आफूले चाहेको पदमा उम्मेदवारीको फाराम भर्ने आजीवन सदस्यले डी. सी. मेट्रो च्याप्टरका आजीवन सदस्यहरु मध्येबाट एकजना प्रस्तावक र एकजना समर्थकको पूरा नाम, निजको आजीवन सदस्यता नम्बर लेखी प्रस्तावक र समर्थकको हस्ताक्षर गराउनुपर्नेछ ।

४. निर्वाचन हुने पदहरु देहायअनुसार हुनेछन्–

| | | | |
|---|---|---|---|
| अध्यक्ष | १ | वरिष्ठ उपाध्यक्ष | १ |
| उपाध्यक्ष | १ | महासचिव | १ |
| सचिव | १ | कोषाध्यक्ष | १ |
| सदस्यहरु (३ देखि ११) | ११ | | |

५. उम्मेदवारी दर्ताका लागि तपसिलअनुसारको शुल्क अनेसास डी. सी. मेट्रो च्याप्टरको पीएनसी बैंक खाता नं ५३९१३०२८९२ मा जम्मा गरेको भौचरसहित दरखास्त फाराम निर्वाचन समितिको इमेल election.dcchapter2024@gmail.com मा निर्वाचन समितिलाई उपलब्ध गराउनुपर्नेछ–

| | |
|---|---|
| अध्यक्ष पदका लागि – | २०० डलर |
| बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष पदका लागि – | १५० डलर |
| सदस्य पदका लागि – | १०० डलर |

उम्मेदवारी फिर्ता लिएको अवस्थामा पनि उम्मेदवारी दर्ता गर्दा बैंकमा जम्मा गरेको दर्ताशुल्क फिर्ता हुनेछैन ।

६. निर्वाचनको प्रचारप्रसार गर्न तथा निर्वाचनसामग्री छापा, विद्युतीय सामाजिक सञ्चालका माध्यमबाट सम्प्रेषण गर्दा अनेसासको लक्ष्य, दृष्टिकोण तथा उद्देश्यको सम्मान हुने गरी संस्थाको गरिमा, मर्म, भावनाअनुरूप यसको विधानको पूर्ण पालना गर्न उम्मेदवार एवं मतदाता आजीवन सदस्य सबैमा निर्वाचन समिति विनम्र अनुरोध गर्दछ । निर्वाचन यस च्याप्टरको दैनिक कार्य सञ्चालनका लागि आवश्यक कार्यसमितिको चयनको आवधिक प्रक्रिया भएको तर सबै आजीवन सदस्य प्रवासमा रहेर नेपाली भाषासाहित्य, कलासंस्कृतिको उन्नयनका लागि स्वयंसेवी भावनाले स्वेच्छिक रूपमा संलग्न भई बन्धुत्वको सम्बन्ध विस्तार गर्न संलग्न रहेको परिप्रेक्ष्यमा साहित्यिक संस्थाको निर्वाचन प्रक्रियालाई संबद्ध सबैले रोचक र प्रेमपूर्ण प्रतिस्पर्धाका रूपमा लिइदिनुहुनेछ भनी निर्वाचन समितिले विश्वास लिएको छ ।

७. माथिको तालिकामा प्रस्तुत कार्यक्रमअनुसार उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन हुँदाका बखत जुनजुन पदमा एकैमात्र उम्मेदवारको दरखास्त परेको हुन्छ, सो पदको निर्वाचन नहुने हुँदा निर्वाचन समितिले सूचना प्रकाशन गरी उक्त पदका उम्मेदवारलाई निर्विरोध निर्वाचित भएको सार्वजनिक घोषणा गर्नेछ । सबै पदमा निर्विरोध रूपमा उम्मेदवारी परेको अवस्थामा निर्वाचनको अन्तिम नामावली प्रकाशन गर्ने दिन नै निर्विरोध निर्वाचित पदाधिकारीको नामावली सार्वजनिक गरी आजीवन सदस्यले निर्वाचन प्रक्रियामा सहभागी हुन नपर्ने भनी सूचना गरिनेछ ।

८. एकभन्दा बढी उम्मेदवारको दरखास्त परी दुई वा दुईभन्दा बढी उम्मेदवार रहेका पदहरूमा निर्वाचन समितिले हाल प्रचलित एवं विश्वसनीय विद्युतीय निर्वाचन सफ्टवेयरका माध्यमबाट निर्वाचन गराउनेछ । यसका लागि मतदाताले अत्यावधिक गरेको र प्रचलनमा ल्याइरहेको इमेल यो सूचना प्रकाशन भएको तीन दिनभित्रमा निर्वाचन समितिलाई यसै सूचनाको क्रमसंख्या ५ मा समावेश इमेलमा उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गरिन्छ । यसरी उपलब्ध गराएको मतदाताको इमेलको बैधताको प्रक्रिया निर्वाचन समितिले व्यक्तिगत सम्पर्क तथा अन्य बैध कागजातका आधारमा अघि बढाई मतदातालाई मतदानपत्र सोही इमेलबाट पठाउनेछ ।

९. उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशनको भोलिपल्ट नोभेम्बर १६ को राति ११:५८ पछि निर्वाचन सम्पन्न नहोउन्जेल कुनै उम्मेदवारले पनि प्रचारप्रचार गर्न तथा मत माग्न पाउनेछैनन् ।

१०. महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११६ औं जन्मजयन्तीका अवसरमा नोभेम्बर २३, २०२४ मा भर्जिनियामा हुने नयाँ कार्यसमितिको पद तथा गोपनीयताको सपथग्रहण तथा पदहस्तान्तरण तथा प्रमाणपत्र हस्तान्तरण हुने हुँदा कार्यक्रम स्थलमा सबै मतदाता आजीवन सदस्य तथा बिजयी पदाधिकारीहरूको उपस्थितिका लागि निर्वाचन समिति हार्दिक अनुरोध गर्दछ ।

११. यस निर्वाचनप्रक्रियाको प्रारम्भदेखि अनेसासको विधान सातौं संशोधन, २०२१ अनुसार निर्वाचित पदाधिकारीहरूको सपथ ग्रहणको कार्यक्रम सम्पन्न नहुँदासम्म विधानसम्मत रूपमा निर्वाचनका सबै प्रक्रिया पूरा गर्न अनेसास, डी.सी. मेट्रो च्याप्टर समिति तथा अनेसास केन्द्रीय कार्यसमितिसँग आवश्यकताअनुसार निरन्तर सम्पर्कमा रही यस निर्वाचन समितिले कार्य गरिरहनेछ ।

१२. यो सूचना प्रकाशित भएपछि मतदाता आजीवन सदस्यलाई निर्वाचनसम्बन्धी कुनै पनि जानकारी आवश्यक भएमा निर्वाचन समितिसँग इमेलमा सम्पर्क गर्नुहुन निर्वाचन समिति अनुरोध गर्दछ ।

शिव लामिछाने
संयोजक,
निर्वाचन समिति